**२०७६ साल फाल्गुण ०५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:**

१. कर्णाली प्रदेश प्रसारण नियमावली २०७६, लाई स्वीकृत प्रदान गर्ने।

२. प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण गरिने योजना तथा कार्यक्रमहरुको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अधिकार प्रत्यायोजन गर्ने।

३. कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

४. कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

५. व्यावसायिक कृषि तथा पशुपक्षी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत गर्ने।

६. पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धी व्यवस्था गर्ने बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

७. बालबालिकाको अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

८. 3rd Feb 2020 मा Champions Book of World Records अन्तर्गत Champion of Human Achievement- Memoryमा रेकर्ड कायम महावै गाउँपालिका वडा नं ५ कालिकोट निवासी विजय शाहीलाई पुरस्कार रकम रु दुइलाख मात्र सामाजिक विकास मन्त्रालयको स्वीकृत वार्षिक बजेटबाट उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

*द्रष्टव्यः निर्णयसगँ सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा संबन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*